# नेपाल सरकार
## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## स्थानीय निकायहरुको आ.व. २०६९।७० को न्युनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा सार्वजनिकीकरण सम्वन्धी
## <u>प्रेश विज्ञप्ति</u>

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३६ ले नेपाल सरकारले स्थानीय निकायलाई तोकिएको न्यूनतम अनुदान उपलब्ध गराउनुका अतिरिक्त सम्बन्धित स्थानीय निकायको जनसंख्या, विकासको स्तर, राजस्व परिचालन गर्न सक्ने सम्भाव्यता र क्षमता, वित्तीय साधनको आवश्यकता, आय र व्ययको नियमित अभिलेख कार्य, लेखा परीक्षणको स्थिति, आर्थिक अनुशासनको स्थिति जस्ता आधारमा थप अनुदान रकम उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा २३७ अनुसार गठित स्थानीय निकाय वित्तीय आयोगको सिफारिश समेत लिई न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतका आधारमा मूल्यांकन गरी स्थानीय निकायलाई दिइने अनुदानमा थपघट र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्ने व्यवस्था स्थानीय स्वायत्त शासन नियमावली २०५६, को नियम २७३ घ ले गरेको छ ।

स्थानीय स्वायत्त शासन ऐनको उक्त व्यवस्था अनुसार नेपाल सरकार मन्त्रीपरिषदको मिति २०६३।८।११ को निर्णय अनुसार गठित स्थानीय निकाय वित्तीय आयोगलाई अन्य कार्यहरुका अतिरिक्त स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सूचकहरु बनाई मूल्यांकन गरी सो अनुसार पाउने अनुदान रकम निर्धारण गर्ने कार्य समेत तोकिएको छ । यो व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय निकाय वित्तीय आयोगले ३ वटै स्थानीय निकायहरुको मूल्यांकनका लागि कार्यविधिहरु तर्जुमा गरी लागू गरेको छ ।

न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि बमोजिम **स्थानीय निकाय वित्तीय आयोगको सचिवालय**ले स्वतन्त्र मूल्यांकनकर्ताहरु मार्फत सबै स्थानीय निकायहरुको आ.व. ०६९।७० को मूल्यांकन कार्य सम्पन्न गरेको छ । जिविस तथा नगरपालिकाहरुको मूल्यांकन प्रयोजनकालागि स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक ढंगले मूल्यांकनकर्ताहरुको छनौट गरेको थियो । मूल्यांकन प्रयोजनका लागि जिविस तथा नपाहरुलाई ३७ बटा समूहमा विभाजन गरी ३७ वटा टोली छनौटका लागि सूचनामार्फत प्रस्ताव आव्हान गरिएकोमा ८९ वटा प्रस्तावहरु परेका थिए । सो मध्ये पूर्व निर्धारित मापदण्ड अनुसार ३७ वटा प्रस्ताव छनौट गरिएको थियो । गा.वि.स.को मूल्यांकन भने सम्वन्धित जिविस मार्फत सम्पन्न भएको छ ।

मूल्यांकनको गुणस्तर कायम गर्ने उद्देश्यले १०% स्थानीय निकायहरु (८ वटा जिविस तथा ६ वटा नगरपालिकाहरु) को मूल्यांकनको गुणस्तर परीक्षण समेत गरिएको थियो । मूल्यांकनकर्ताहरुबाट प्राप्त मूल्यांकन प्रतिवेदनहरु प्रतिक्रियाका लागि सम्बन्धित जिविस तथा नगरपालिकाहरुमा पठाइएको थियो । १६ वटा जिविस र २५ वटा नगरपालिकाहरुबाट गुनासो तथा प्रतिक्रियाहरु प्राप्त भएका थिए । प्राप्त गुनासो तथा प्रतिक्रियाहरुको सुनुवाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूबाट भएको थियो ।साथै सचिवालयले विभिन्न जिल्लाका २९० वटा गाविसहरुको न्यूनतम शर्त मापनको गुणस्तर परीक्षण गरेको थियो ।

न्युशकासको मूल्यांकन नतिजालाई स्वीकृत गर्ने समेत प्रयोजनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूको अध्यक्ष्यतामा गठित सुपरीवेक्षण तथा व्यवस्थापन समितिको आज बसेको बैठकले न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतिजालाई स्वीकृत गरेको छ । मूल्यांकनको अन्तिम नतिजा अनुसार ८४ अंक प्राप्त गरी धनकुटा र सिन्धुपाल्चोक जिविसले उत्कृष्ट स्थान हासिल गरेका छन भने नगरपालिकातर्फ ८८ अंक प्राप्त गरी बुटवल र धनकुटा नगरपालिकाले उत्कृष्टता हासिल गरेका छन ।

गाँउ विकास समितितर्फ देशभरका कुल ३९१५ गाविसको मूल्यांकन सम्पन्न भएकोमा ३०७८ गाविसले न्यूनतम शर्तका सूचकहरु पूरा गरेका छन् । मूल्यांकनको परिणाम अनुसार ८ वटा जिविस, १ वटा नगरपालिका र  ८३७ गाविस न्यूनतम शर्तका सूचक पुरा गर्न असफल भएका छन् ।

कार्यविधिको व्यवस्था अनुसार यस मूल्यांकनको नतिजाले जिविस तथा नगरपालिकाको अनुदानमा निम्नानुसार प्रभाव पारेको छ ।

## जिल्ला विकास समिति तर्फ

- **प्रथम, दोस्रो र तेस्रो भई २० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने जिविसहरु : (५)**

  धनकुटा, सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, बाँके ।

- **सबै भन्दा बढी अंक प्राप्त गरी १५ प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने जिविसहरु : (१६)**

  भक्तपुर, लमजुङ्ग , बाग्लुङ्ग, पाल्पा, रुकुम, दैलेख, म्याग्दी, अर्घाखाँची, नवलपरासी, जाजरकोट, बझाङ्ग, ताप्लेजुङ्ग , रामेछाप, कास्की , पर्वत , रुपन्देही ।

- **१० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने जिविसहरु : (१४)**

  उदयपुर , कपिलवस्तु, रोल्पा, बर्दिया, इलाम , ललितपुर, मनाङ्ग, प्यूठान, कञ्चनपुर, मोरङ्ग, मकवानपुर, गुल्मी, डडेल्धुरा, सुनसरी ।

- **थप पूंजीगत अनुदानबाट १० प्रतिशत कटौती हुने जिविस : (१३)**

  भोजपुर, चितवन, काठमाण्डौ, पाँचथर, तनहुँ, संखुवासभा, मुस्ताङ्ग, सुर्खेत, डोटी, सर्लाही, स्याङ्गजा, झापा, सल्यान, ।

- **थप पूंजीगत अनुदानबाट १५ प्रतिशत कटौती हुने जिविस : (१३)**

  जुम्ला अछाम, सिन्धुली, गोरखा, दाङ्ग, बैतडी, डोल्पा, रसुवा, नुवाकोट, धादिङ्ग, कैलाली, खोटाङ्ग, कालिकोट ।

- **न्यूनतम शर्तमा सफल तर कार्यसम्पादन मापनको कार्यक्षेत्रमा असफल भइ थप पूंजीगत अनुदानबाट २० प्रतिशत कटौती हुने जिविस : (६)**

  तेह्रथुम, पर्सा, बाजुरा, दार्चुला, महोतरी, रौतहट ।

- **न्यूनतम शर्तमा असफल भइ सबै थप पूंजीगत अनुदान नपाउने जिविसहरु : (८)**

  ओखलढुङ्गा, सोलुखुम्बु , हुम्ला, सप्तरी, मुगु, बारा, धनुषा, सिराहा ।

## नगरपालिका तर्फ

- **प्रथम, दोस्रो र तेस्रो भई २० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने नगरपालिकाहरु : (५)**

  धनकुटा, बुटवल, इटहरी, पोखरा, घोराही ।

- **सबै भन्दा बढी अंक प्राप्त गरी १५ प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने नगरपालिकाहरु : (१०)**

  भीमेश्वर, सिद्धार्थनगर, धरान, कमलामाई, लेखनाथ, हेटौडा, रामग्राम, विरेन्द्रनगर, भक्तपुर, पनौती ,

  **१० प्रतिशत थप पूंजीगत अनुदान प्राप्त गर्ने नगरपालिकाहरु : (१२)**

  भद्रपुर, व्यास, वाग्लुङ्ग, दमक, भरतपुर, बनेपा, इलाम, टीकापुर, धनगढी, गुलरिया, वालिङ्ग, पुतलीबजार,।

- **थप पूंजीगत अनुदानबाट १० प्रतिशत कटौती हुने नगरपालिकाहरु : (१०)**

तानसेन कपिलवस्तु, काठमाडौं, गोरखा, भीमदत्त, दिपायल-सिलगढी, त्रियुगा, कीर्तिपुर, इनरुवा, तुलसीपुर,

**थप अनुदानबाट १५ प्रतिशत कटौती हुने नगरपालिकाहरु : (११)**

जनकपुर, धुलिखेल, मेचीनगर, गौर, विराटनगर, लहान, खाँदबारी, विदुर, नारायण, राजविराज, ललितपुर ।

- **न्यूनतम शर्तमा सफल तर कार्यसम्पादन मापनको कार्यक्षेत्रमा असफल भइ थप पूंजीगत अनुदानबाट २० प्रतिशत कटौती हुने नगरपालिकाहरु : (९)**

रत्ननगर, अमरगढी, सिराहा, कलैया, मलगंवा, नेपालगञ्ज, मध्यपुर-ठिमी, जलेश्वर, वीरगञ्ज

- **न्यूनतम शर्तमा असफल भइ सबै थप पूंजीगत अनुदान नपाउने नगरपालिका : (१)**

दशरथचन्द ।

अन्त्यमा,
उपरोक्त वमोजिमको न्युनतम शर्त तथा कार्यसम्पादन नतिजाको आधारमा जिविस, नगरपालिका, तथा गाविसहरुलाई नेपाल सरकारले उपलव्ध गराउने अनुदानमा थपघट गर्ने मात्र नभई स्थानीय निकायका सवल पक्षका अतिरिक्त कमजोरीहरु पत्ता लगाई आफ्नो क्षमता अभिवृद्धि गर्दै सुधारका उपायहरु अवलम्वन गर्न समेत यो पद्धति अत्यन्त उपयोगी छ । यस पद्धतिले विद्यमान जनप्रतिनिधि विहिन अवस्थामा समेत स्थानीय निकायको सेवा प्रवाह, कार्यसम्पादन, सुशासन, पारदर्शिता, समावेशी विकास, सहभागिता, वित्तीय अनुशासन, वित्तीय जोखिम न्युनीकरण जस्ता पक्षहरुमा महत्वपुर्ण सहयोग पुर्याएको छ । तसर्थ न्युसकाश मापन पद्धतिले कार्यसम्पादन मापनका आधारमा नेपाल सरकारवाट स्थानीय निकायलाई उपलव्ध गराउने निशर्त थप अनुदानमा सामान्य थपघट गर्ने र स्थानीय निकायको आन्तरिक एवं वाह्य स्रोतको समग्र व्यवस्थापनमा उल्लेखनीय सुधार गर्ने हुँदा यसलाई स्थानीय निकायको शासन, विकास र सेवा प्रवाह पद्धतिमा सकरात्मक उपलव्धी हासिल गर्ने औजारको रुपमा वुझीदिनु हुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा स्थानीय निकाय वित्तीय आयोगको सचिवालय सवैमा हार्दिक अनुरोध गर्दछ ।

धन्यवाद !

२०७१।४।१

दिनेश कुमार थपलिया
सह सचिव एवम् प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय